निमित्त प्रमुख
प्रशासकीय अधिक

# गोरखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गोरखा

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोरखा जिल्ला गण्डकी प्रदेश, नेपाल

**नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) उत्खनन् , संकलन तथा बिकी सम्बन्धी शिलवन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७/०५ /१७

गोरखा नगरपालिका नगर कार्यपालिकाको निर्णय वमोजिम आ.व. २०७६/०७७ को लागि यस कार्यालयले निर्धारण गरेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी गोरखा नगरपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका स्थानहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक नेपाली फर्म, संस्था वा कम्पनीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलवन्दी वोलपत्र आव्हान गरिएको छ ।

## तपसिल

| ठेक्का नं. | ठेक्का विवरण | अधिकतम परिमाण (घनफिट) | न्युनतम ठेक्का अंक रु.(मु.अ.क.बाहेक) | वोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| ०१–०७६/०७७ | १. गोरखा नगरपालिका वडा नं २ मसेलखोला र दरौंदी दोभान क्षेत्र ।<br>२. गोरखा नगरपालिका वडा नं २ को गगटेखोला घाट क्षेत्र | १,७८,५४१ | १०,७१,२४६/- | १,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०२–०७६/०७७ | गोरखा नगरपालिका वडा नं. ३/५ को वेनीखोला घाट क्षेत्र | ६,२१,६२९ | ३७,२९,७७४/- | ३,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०३–०७६/०७७ | १. गोरखा नगरपालिक वडा नं. १० को ठुटेबजार क्षेत्र<br>२. गोरखा नगरपालिका वडा नं. ११ हात्तीसेरा घाट क्षेत्र | २,६४,८९८ | १५,८९,३८८ /- | १,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०४–०७६/०७७ | गोरखा नगरपालिका वडा नं. १२ को खत्रीवेशीफांट क्षेत्र । | २१,२८,३३८ | १,२७,७०,०२८ /- | ३,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०५–०७६/०७७ | १. गोरखा नगरपालिका वडा नं. १२ को नन्दकिशोरी घाट क्षेत्र<br>२. गोरखा नगरपालिका वडा नं. १३ को लुदी दोभान घाट क्षेत्र | ८,९३,५९१ | ५३,६१,५४६/- | ३,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०६–०७६/०७७ | १. गोरखा नगरपालिका वडा नं. १३ को रामशाह घाट क्षेत्र ।<br>२. गोरखा नगरपालिका वडा नं. १३ को अजिङ्गरे घाट क्षेत्र । | ७,९१,१६४ | ४७,४६,९८४/- | ३,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०७–०७६/०७७ | १. गोरखा नगरपालिका वडा नं. १४ को जुम्लाङ् घाट क्षेत्र ।<br>२. गोरखा नगरपालिका वडा नं. १४ को शाह घाट क्षेत्र । | ६,७४,६०८ | ४०,४७,६४८/- | ३,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०८–०७६/०७७ | गोरखा नगरपालिका वडा नं. १४ को नारिङ्ग घाट क्षेत्र । | ५,०१,५४१ | ३०,०९,२४६/- | ३,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |

- नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदी) को दर प्रति क्यू.फिट (मु.अ.क.बाहेक) रु ६।००-(छ)

निमित्त प्रमुख
प्रशासकीय अधिकृत

**बोलपत्र सम्बन्धी शर्तहरुः**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयबाट मात्र खरिद गर्न सकिनेछ । खरिद भएको वोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्ट संग भरी फर्म, संस्था वा कम्पनीहरुले प्रत्येक पानामा सही छाप गरी सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा मात्र दर्ता गर्नु पर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको दिनको २.०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म, संस्था वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखानम्वर/मु.अ.करको प्रमाण पत्र तथा आ.व. ०७५/०७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

वा

बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म PPMO's को website http://www.bolpatra.gov.np/egp बाट Download गर्न सकिनेछ । बोलपत्र फाराम दस्तुर वापतको रकम यस कार्यालयको रा.बा. बैंक गोरखा शाखामा रहेको संचित खाता नं. ३०६०३०४०१८१०३ ग–४–१ मा जम्मा गरको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ । बोलपत्र फारामहरु भरी ३१ औं दिनको १२.०० बजे सम्म PPMO's को website http://www. bolpatra.gov.np/egp मा सबै कागजातहरु ( फर्म वा कम्पनी नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७५/०७६ को कर चूक्ताको प्रमाणित प्रतिलिपी) Scan गरी PDF format मा वोलपत्र साथ पेश गर्नू पर्नेछ ।

२. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

३. बोलपत्र फाराम भरी पेश गर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको **रा.बा. बैंक गोरखा शाखामा रहेको धरौटी खाता नं. ३०६०३०३००७१०३ ग-३** मा बोलपत्रदाताको नामबाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० (एक सय बीस ) दिन म्याद भएको जमानी पत्र (बीड वण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ । कवोल गरेको रकम अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

४. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन, तथा बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. बोलपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र बोलपत्रदाताको नाम ठेगाना, सम्पर्क नम्वर स्पष्ट लेख्नुपर्नेछ ।

६. ढुङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन तथा बिक्री सम्बन्धमा केन्द्रिय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला अनुगमन समिति एवं नगरस्तरीय अनुगमन समितिबाट निर्देशन भए वमोजिम हुनेछ ।

७. ढुङ्गा, गिटी, बालुवाको उत्खनन्, संकलन तथा बिक्री कार्य गर्दा जिल्ला समन्वय समितिको कार्यालय गोरखाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।

८. यस सूचनामा उल्लेख नभएका विषयहरु गोरखा नगरपालिका, नगर कार्यपालिकाको निर्णय, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम वमोजिम हुनेछ ।

९. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।